म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ७७ २०८० माघ २१ गते अइतबार 4 February 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नम्बरः ९८४९४५४६८३**

## कानुन र नैतिकरूपले गम्भीर त्रुटी गर्दै हेटौंडा उपमहानगर

# कार्यपालिका बैठकका निर्णय केही सार्वजनिक, केही लुकाइयो



**सविन न्यौपाने**
**प्रवक्ता, हेटौंडा उपमहानगरपालिका**
"कार्यपालिका बैठकले गरेका निर्णय सबै सार्वजनिक नगरिएको सत्य हो । सबै सार्वजनिक गर्नुपर्ने प्रकृतिका छैनन् । महत्वपूर्ण विषयका निर्णय सार्वजनिक गरिएको छ ।"





**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**
**हेटौंडा उपमहानगरपालिका**
"कार्यपालिका बैठकका निर्णयका विषयमा प्रवक्तालाई सोध्नुस् । म केही भन्न सक्दिनँ । मैले केही भन्न मिल्दैन ।"



**केशव काफ्ले**
**वरिष्ठ अधिवक्ता**
"सरकारले गरेका निर्णयको स्पष्ट विवरण सार्वजनिक हुनुपर्छ । यदि कुनै निर्णय सार्वजनिक गर्न मिल्दैन भने त्यो गोप्य राख्नुपर्ने पनि स्पष्ट पार्नुपर्छ ।"





**मीना कुमारी लामा**
**नगरप्रमुख**
नगरप्रमुख मीनाकुमारी लामालाई भेट्न खोज्दा उहाँ कार्यकक्षमा अनुपस्थित हुनुहुन्थ्यो भने टेलिफोनमार्फत बुझ्न खोज्दा उहाँको मोवाइल उठेन ।

### "निर्णय सार्वजनिक नगर्नु स्थानीय सरकार आफ्नो जिम्मेवारीबाट बिमुख हुनु हो ।" कानुन व्यवसायी

सुरेश श्रेष्ठ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले कानुन र नैतिक दुबै पक्षमा गम्भीर त्रुटी गरिरहेको पाइएको छ । लामो समयदेखि नियमित कार्यपालिका बैठक बस्न नसकेको, बैठकका निर्णय सार्वजनिक नभएको भनी सचेत गराउँदै आएपछि हेटौँडा उपमहानगरपालिकाले पुस महिनादेखि कार्यपालिका बैठकका निर्णय सार्वजनिक गर्न सुरु गरेको छ। कार्यपालिका बैठकका निर्णयको संक्षिप्त विवरण प्रस्तुत गर्न सुरु गरेको हेटौँडा उपमहानगरपालिकाले कार्यपालिका बैठकका सबै निर्णय सार्वजनिक नगरी विवाद नहुने किसिमका थोरै निर्णय मात्रै सार्वजनिक गरेको पाइएको छ ।

कार्यपालिका बैठकका निर्णय सबै सार्वजनिक नहुनु र सीमित निर्णय भएको भनी सार्वजनिक गर्नुले कार्यपालिका बैठकको निर्णयमाथि नै प्रश्न खडा भएको छ। हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपाने बैठकका सबै निर्णय सार्वजनिक नगरिएको स्वीकार्नु हुन्छ । "कार्यपालिका बैठकले गरेका निर्णय सबै सार्वजनिक नगरिएको सत्य हो । सबै सार्वजनिक गर्नुपर्ने प्रकृतिका छैनन् । महत्वपूर्ण विषयका निर्णय सार्वजनिक गरिएको छ।" कार्यपालिका बैठकका निर्णय केही सार्वजनिक गर्ने केही लुकाउने पनि हुन्छ र ? भन्ने प्रश्नमा प्रवक्ता न्यौपाने भन्नुहुन्छ, "हामीले महत्वका आधार केही सार्वजनिक गरेका हौं । सबै निर्णय सार्वजनिक गर्न आवश्यक नदेखिएर संक्षित निर्णय सार्वजनिक गरेका हौँ ।"

कार्यपालिका बैठकको सचिवको भूमिका निर्वाह गर्नुहुने हेटौँडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई कार्यपालिका बैठकका निर्णयका बारेमा प्रवक्तासँग बुझ्न भन्दै केही बताउन चाहनुभएन । कार्यपालिका बैठकका निर्णय नगरप्रमुखसँगै प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित समेत गर्नुपर्ने जिम्मेवारी छ । प्रमुख प्रशासकीय अधिकृत चौलागाईले भन्नुभयो, "कार्यपालिका बैठकका निर्णयका विषयमा प्रवक्तालाई सोध्नुस् । म केही भन्न सक्दिनँ । मैले केही भन्न मिल्दैन ।"

चालु आर्थिक वर्षमा पहिलो पटक कार्यतालिकाअनुसार यही माघ १६ गते मंगलबार कार्यपालिका बैठक बसेको थियो । मंगलबार बसेको कार्यपालिका बैठकले विभिन्न विषयमा ८ वटा बुँदामा निर्णय गरेको भनी प्रवक्ता सविन न्यौपानेको हस्ताक्षरमा निर्णयहरु सार्वजनिक गरिएको छ । कार्यपालिका बैठकका सीमित निर्णय सार्वजनिक हुनु र बैठकका सबै निर्णय के के थिए भनेर सार्वजनिक नहुनुले स्थानीय सरकारमाथि नैतिक र कानुनी दुबै प्रश्न खडा हुने कानुन व्यवसायीको भनाइ छ। सरकारले गरेका निर्णय पाउनुपर्ने जनताको अधिकारका साथसाथै निर्णयको वास्तविक विवरण जनतालाई प्रस्तुत गर्नु सरकारको दायित्व पनि भएको उल्लेख गर्नुहुँदै एक कानुन व्यवसायीले भन्नुभयो, "निर्णय सार्वजनिक नगर्नु स्थानीय सरकार आफ्नो जिम्मेवारीबाट बिमुख हुनु हो ।"

वरिष्ठ अधिवक्ता केशव काफ्ले भन्नुहुन्छ, "सरकारले गरेका निर्णयको स्पष्ट विवरण सार्वजनिक हुनुपर्छ । यदि कुनै निर्णय सार्वजनिक गर्न मिल्दैन भने त्यो गोप्य राख्नुपर्ने पनि स्पष्ट पार्नुपर्छ ।" सरकारले गरेका निर्णय सार्वजनिक भएकाबाहेक गोप्य राखिएका निर्णय बदर गरिएको छिमेकी मुलुक भारतमा नजीर रहेको उल्लेख गर्नुहुँदै वरिष्ठ अधिवक्ता काफ्लेले भन्नुभयो, "हेटौँडा उपमहानगरपालिकाको सन्दर्भमा पनि यदि कसैले मुद्दा दायर गरेको खण्डमा अदालतले सार्वजनिक भएका बाहेकका उपमहानगरका निर्णयहरु बदर गर्न सक्छ ।"

माघ १६ गते बसेको हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले कर्मचारीको बढुवा र सहयोगसम्बन्धी निर्णयसहित केही निर्णय सार्वजनिक नगरेको पाइएको छ। हेटौँडा उपमहानगरपालिकाका दुईजना कर्मचारीको बढुवासम्बन्धी निर्णय भएको स्रोतको भनाइ छ । यस्तै हेटौँडा उपमहानगरपालिकाले एबीबीएस अध्ययनरत राक्सिराङ गाउँपालिकाको एक चेपाङ विद्यार्थीलाई २ लाख रुपैयाँ दिने, हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले आयोजना गर्न लागेको शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका लागि ३ लाख रुपैयाँ दिने निर्णय गरेको स्रोतको भनाइ छ।

स्थानीय सरकारको प्रमुखको रुपमा हेटौँडा उपमहानगरपालिकाको प्रमुखले हजारौं रुपैयाँ आफ्नो स्वविवेकले सहयोग गर्ने निर्णय गर्ने, कार्यपालिका बैठकमार्फत पनि लाखौं रुपैयाँ वितरण गर्ने गलत प्रवृत्ति छ। यसरी वितरण गर्ने रकम, योजनाहरु व्यक्तिगत र राजनीति प्रेरित हुने भएकोले पनि सार्वजनिक गर्दा सर्वसाधारणको प्रश्नको उत्तर दिन सक्ने अवस्था नहुँदा नगर प्रमुखले निर्णय सार्वजनिक नगर्ने प्रवृत्ति स्थापित भइरहेको छ ।

हेटौँडा उपमहानगरपालिकाले निर्णय सार्वजनिक गर्ने सन्दर्भमा गरेको त्रुटीको विषयमा बुझ्न शुक्रबार दिनको ४ बजे नगरप्रमुख मीनाकुमारी लामालाई भेट्न खोज्दा उहाँ कार्यकक्षमा अनुपस्थित हुनुहुन्थ्यो भने टेलिफोनमार्फत बुझ्न खोज्दा उहाँको मोवाइल उठेन । नगर कार्यपालिका बैठकका निर्णयको विषयमा कार्यपालिका सदस्य समेत रहने वडाध्यक्षहरुको पनि गुनासो छ । वडाध्यक्षहरु भन्नुहुन्छ, "हामी पनि लिखितरुपमै निवेदन दिएर कार्यपालिका बैठकका निर्णय के के भए भनेर माग्ने तयारीमा छौं। बैठकमा के के निर्णय भए भनेर हामी नै अनविज्ञ छौं ।"

**हार्दिक बधाई**



*निर्माण सामग्री व्यवसायी संघ मकवानपुरको शनिबार सम्पन्न* ***सातौं अधिवेशन****बाट सर्वसम्मत निर्वाचित अध्यक्ष बालकृष्ण बजगाई, उपाध्यक्ष सुदीप तिमल्सिना, महासचिव रोशन सापकोटा, सचिव सुवास दाहाल, कोषाध्यक्ष उद्धव सापकोटा, सहकोषाध्यक्ष राहुल जलान, सदस्यहरु प्रदीप तिवारी, जीवन ढकाल, सुरेश अर्याल र अमित श्रेष्ठलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।*

**विक्रम खतिवडा**

**हेटौंडा-८, मकवानपुर**

# सम्पादकीय

## कारबाहीसँगै नियमन आवश्यक

वर्षेनि सडक यातायातका साधनको संख्या तीव्ररुपमा बढिरहेको छ । अन्य वैकल्पिक यातायातको साधनको सहज पहुँच नभएका कारण सडक यातायातका साधन बढ्दै जाँदा सडक सुरक्षासमेत चुनौतीपूर्ण बनिरहेको छ । बढ्दो यातायात साधनको चापका कारण ट्राफिक व्यवस्थापनमा पनि समस्या बनिरहेको छ । सवारी साधनको संख्या वृद्धि हुँदै जाँदा ट्राफिक नियम उल्लंघनको क्रम पनि बढ्दै गएको छ । यसले दुर्घटना र जनधनको क्षति पनि उस्तै वृद्धि भएको छ । ट्राफिक प्रहरीले सवारी नियमन गर्न नसक्दा ट्राफिक व्यवस्थापन फितलो बनिरहेको छ । ट्राफिक प्रहरीले सवारी चेकजाँचका क्रममा नियम उल्लंघन गर्ने सवारी साधन र चालकलाई कारबाही गरेर करोडौं जरिवाना असुल गरिरहेको छ । यसले ट्राफिक प्रहरीको अनुपस्थितिमा ट्राफिक नियम उल्लंघन गर्नेक्रम कम गर्न सकेको छैन । ट्राफिक प्रहरीले सवारी चेकजाँच गरी जरिवाना असुल गर्न चासो देखाउँदै आएको भए पनि सवारी साधन नियमन र ट्राफिक व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालनमा पर्याप्त चासो दिन सकेको छैन ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा झण्डै १६ हजार सवारी साधनलाई कारबाही गरेको छ । सवारी कारबाहीबाट ट्राफिक प्रहरीले जरिवानाबापत एक करोड १६ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । ट्राफिक प्रहरीले गत साउनमा एक हजार ७ सय १७ वटा सवारी साधन कारबाही गरी १२ लाख १२ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ । भदौ महिनामा २ हजार ३ सय ५२ वटा सवारी साधन कारबाही गरी १६ लाख ५३ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ । असोज महिनामा २ हजार ६ सय ४० वटा सवारी साधन कारबाही गरी १९ लाख ५५ हजार ५ सय रुपैयाँ राजस्व आम्दानी गरेको छ । मकवानपुर ट्राफिक प्रहरीले कात्तिक महिनामा २ हजार २ सय ८ वटा सवारी साधन कारबाही गरी १६ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । यस्तै, मंसिरमा ३ हजार ६ सय २० वटा सवारी साधन कारबाही गरी २७ लाख २४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । पुस महिनामा ३ हजार २ सय १८ वटा सवारी साधन कारबाही गरी २३ लाख ७३ हजार रुपैयाँ राजस्व ट्राफिक प्रहरीले उठाएको छ ।

ट्राफिक प्रहरी कार्यालय मकवानपुरले गत आर्थिक वर्ष २०७९/०८० को साउनदेखि पुससम्म २० हजार १ सय ८४ सवारी साधन कारबाहीबाट एक करोड ५६ लाख ५० हजार ५ सय रुपैयाँ जरिवाना संकलन गरेको थियो । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को साउनदेखि पुससम्म १६ हजार ३ सय ५० वटा सवारी कारबाहीबाट १ करोड २६ लाख ६० हजार रुपैयाँ राजस्व आम्दानी गरेको थियो । ३ वर्षको तथ्यांक हेर्दा औसतरुपमा मासिक करिब ३ हजार सवारी साधन कारबाहीमा परेको पाइन्छ । यसबाट दैनिक करिब एक सय वटा सवारी साधन कारबाहीमा पर्ने गरेको बुझ्न सकिन्छ । जरिवानाबापत उठाइएको राजस्वको आँकडाले पनि मासिक औसत २२ लाख रुपैयाँभन्दा बढी संकलन भइरहेको छ । दैनिकरुपमा हेर्दा यो रकम करिब ७५ हजार रुपैयाँ हुन आउँछ ।

ट्राफिक प्रहरीले अधिकांश जरिवाना राजमार्ग तथा शहरी सडकमा गरिएको सवारी चेकजाँचको क्रममा उठाउने गरेको छ । सवारी चेकजाँचका क्रममा सवारी चालक अनुमतिपत्र, सवारी दर्ता तथा नवीकरण, सवारी साधन सञ्चालन अनुमतिपत्रलगायत कागजपत्र जाँच गरेर नियमानुसार नपाएमा जरिवाना गर्ने गरेको छ । तर, सडकलाई सुरक्षित राख्न, दुर्घटना न्यूनीकरण गर्न र ट्राफिक व्यवस्थापन गर्न महत्वपूर्ण मानिएका कारक तत्वलाई कम गर्ने र सवारी नियमन गर्नेतर्फ ट्राफिक प्रहरीले पर्याप्त ध्यान पुर्‍याउन सकेको छैन । तीव्र गतिमा सवारी चलाउने, अनुमति नभएको बाटो तथा रुटमा सवारी चलाउने, जथाभावी राजमार्ग र अन्य सडकमा सवारी रोक्ने, यात्रु/मालसामान ओराल्ने र उकाल्ने, सवारी साधनको प्राविधिक चेकजाँच नगर्ने, बिना अनुमतिपत्र सवारी चलाउने, मादकपदार्थ र लागूपदार्थ सेवन गरी सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु तथा सामान बोक्नेलाई नियन्त्रण गर्न नसकेसम्म सडकलाई सुरक्षित बनाउन सकिँदैन । ट्राफिक प्रहरीले जरिवाना संकलनलाई भन्दा सडकलाई सुरक्षित बनाएर दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापनमा थप कार्य गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
- **वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
- **मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
- **कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
- **सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
- **कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
- **तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
- **वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
- **धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
- **मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
- **कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
- **मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# मेनुकाहरू र पर्यटन

**विश्वका सबै खाले मौसमको अनुभव हाम्रै नेपालले दिन्छ । हिउँले गलेका गोडाहरुले पाखामा बसेर घमाइलो राप ताप्छन् । हाम्रा अग्रजहरूले 'प्रत्येक मौसमका लागि नेपाल' त्यसै भनेका होइनन् । सुनैसुनले निर्मित हाम्रा तराई-मधेस, पहाड र हिमालमा टेकेर माग्ने कचौरा थाप्दै अझ कति दिन हामी स्वाभिमानी नेपालीहरुको माथा निहुरिरहने हो । मेनुका, मनीषा र माला सिंहा, देवानन्द, अमिताभ बच्चन जत्तिको पनि सकारात्मकता र सृजनात्मकताको प्रभाव परेको खोइ हाम्रा अग्रासनीहरुमा ? नेपाली सिनेकर्मीहरुको पनि उनका योगदानको मान्यता खोइ ?**



प्रा.डा. हरि शर्मा



नेपालकी प्रखर गायिका मेनुका पौडेलले हाल इन्डियन आइडलमार्फत नेपालप्रति भारतीयहरूको मनमा विभिन्न प्रकारको कौतूहलता सिर्जना गरेकी छन् । त्यो वास्तवमा नेपाली पर्यटन जगत्का लागि एउटा वरदानसरह ठहरिएको अस्वीकार गर्न सकिँदैन । करोडौं खर्च गरेर हामीले भारतीय पर्यटन बजारमा सम्भावित भारतीय पर्यटकहरूलाई नेपालतर्फ आकर्षित गर्न जे-जति प्रयास गरिरहेको भए तापनि मेनुकाको नाम मात्रले भारतीयहरूका मनमा नेपालप्रतिको सद्भावना मात्रै होइन, स्नेह मात्रै होइन, जिज्ञासा मात्रै पनि होइन; एउटा महत्वपूर्ण नयाँ अध्याय र आयाम थप्न सफल भएको कुरालाई कलाप्रेमी सम्पूर्ण नेपाली जनमनले स्वागत गरिरहेका छन् ।

हुन त हाम्रै नेपाल आइडलको प्रतिस्पर्धात्मक सहभागिताबाट उनी दुत्कारिएकी चेली हुन् तापनि अब हामीले उनका निम्ति प्रोत्साहनको पुल बाँधेर नेपालमा स्वागत तथा नागरिक अभिनन्दन गर्दै नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उनलाई नेपालको पर्यटन राजदूतको रूपमा सम्मान गर्नुपर्ने र नेपालको अनुपम प्रतिभाशाली नारी-पात्रका रूपमा राष्ट्रिय मान्यताको अलंकारले विभूषित गर्नुपर्ने चर्चा नेपाली घरघरमा भइरहेको छ । नेपाल आमाले असंख्य प्रतिभा जन्माएकी छन् तर दुर्भाग्यवश ती प्रतिभाहरू या कि त पलायनमुखी हुँदै हराएर गएका छन् वा तिनको प्रतिभाप्रति जिम्मेवार निकायहरू अन्यमनस्क भएर बसेका छन् ।

अन्यमनस्कताको अवस्थाले हामीलाई हाम्रो प्रगतिपथमा सधैं तगारो तेर्स्याउने काम गर्छ । भारतीय सिनेमाहरूले जन्माएको विविध कलाको रंगमञ्चमा कुनै बेला माला सिन्हा र कुनै बेला मनीषा कोइरालाहरुले नेपालको परिचयलाई बाह्य-जनसमक्ष व्यापक रुपमा प्रचार गरेकै हुन् । हिन्दी चलचित्र 'हिमालयकी गोदमें', देवानन्दको 'हरे राम हरे कृष्ण', अमिताभ बच्चन रहेको 'उवाई' लगायत कैयौं हिन्दी चलचित्रले नेपालबारे भारतीय चलचित्र रुचाउने विश्वका करोडौं मानिसको मनमा अमीट छाप पारेको छ । गत शताब्दीको ५०-६० को दशकमा नेपाली मूलका गोपालसिंह नेपालीले देवानन्दसँग मिलेर नेपालबारे एउटा चलचित्रको निर्माण गर्न लागिपरेका थिए । कारणवश उनी सफल भएनन्, तर भारतमा आजको पुस्ताले पनि '४० करोड हिमालय ने पुकारा है' का रचयिताका रुपमा उनको स्मरण गरेको पाइन्छ ।

नेपाल भ्रमण वर्ष सन् १९९८ मा पर्यटन मन्त्रालयबाट भारतीय फिल्म निर्माताहरूलाई नेपालमा छायांकन गर्नका लागि बोलाउने भगीरथ प्रयास भयो । सञ्चार मन्त्रालयबाट नीतिगत रूपमा नेपालमा छायांकन गरिने विदेशी चलचित्र निर्माताहरूलाई क्यामेरा आदिमा भन्सार सहुलियतसहितको प्याकेज प्रदान गरिनुपर्ने विषयमा कोही पनि गम्भीर हुन मानेनन् । नत्रभने नेपालको पर्यटनको बजारीकरणमा हामीले आशातीत फल पाउने नै थियौं । नेपालमा पर्यटन क्षेत्रमा काम गर्ने व्यवसायी र मजदुरबाहेकका लागि पनि यो क्षेत्र कमाइखाने भाँडाका रूपमा स्थापित हुँदै जानुले पर्यटन प्रवर्द्धन र संवर्द्धनमा संलग्नहरुको अनेक प्रयासलाई समेत विफल तुल्याउँदै आइरहेको सत्यलाई स्विकार्नै पर्ने देखिन्छ ।

हिजोका दशकहरुमा मुलुकमा यथेष्ट पूर्वाधारहरू थिएनन् । सगरमाथा आधार शिविर पुग्न पनि हप्तौंसम्म लुक्लाको हवाई टिकट कुर्नुपर्ने अवस्था थियो । अहिले त्यो अवस्था छैन । मनाङ, खप्तड, मुस्ताङ र मुक्तिनाथ जानलाई कार्यतालिका बनाएर मात्रै जान सक्ने अवस्था थियो । अब आन्तरिक हवाई सेवाहरुको सहज उपलब्धताले ती पुराना अप्ठेराहरु रहेनन्, बाटोघाटो र गन्तव्य स्थलहरुमा सुविधाजन्य बासस्थान (होटल, होमस्टे तथा स्तरीय लजहरु) को अभाव छैन । वर्तमान परिप्रेक्ष्यमा हामीसँग ३५ देखि ४० लाख पर्यटकका लागि विभिन्न स्तरका होटल एवम् आवास गृहहरुको निर्माण भइसकेको अवस्था छ । स्थानीय सरकारहरुले जस्तै विकट वा दुर्गम स्थलहरुमा पनि सौन्दर्यीकरणलगायत पर्यावरणको समुचित संरक्षण, पर्यटनप्रतिको आवश्यक जनचेतना एवम् पदयात्राका बाटाघाटा र पुलपुलेसाहरूको निर्माणमा कुनै कसर बाँकी नराखी काम गरिरहेको देखिन्छ ।

हाम्रा सहरी क्षेत्रहरूले पनि शनैःशनैः आफ्नो क्षेत्रको पर्यटकीय आकर्षण वृद्धि गर्नेतर्फ बडो उत्साहका साथ लागिपरेको दृश्यले पर्यटन उद्योगप्रति आस्था राख्ने प्रत्येक नेपालीलाई पर्यटनको दिगो विकास हुने विषयमा ढाडस पुर्‍याएको छ । त्यसमा पनि अझै काठमाडौं महानगरपालिकाको एकपछि अर्का प्रयासहरुले आमजनमानसमा एउटा सकारात्मकताको अभिवृद्धि हुँदै गइरहेको प्रत्यक्ष छ । काठमाडौंलाई अब एउटा व्यावसायिक सहरका रूपमा मात्र हेर्न रुचाउनेहरूको आँखा र मन केही हदसम्म निराश त हुन्छन् नै, तर यस सहरले फेर्न खोजेको काँचुलीले अत्यधिक जनसमुदायलाई आशान्वित तुल्याएको मान्नैपर्छ । काठमाडौं सहर मात्रै होइन, सम्पूर्ण उपत्यका नै एउटा सांस्कृतिक केन्द्रका रुपमा विकसित हुँदै गइरहेको र साथसाथै विदेशी पर्यटकहरुको 'हब' मानिने ठमेल र झमेल दुवै समान रुपले भौतिक एवं आर्थिक उन्नतितर्फ अग्रसर रहेको हामी पाउँछौं ।

### नेपाल पर्यटन बोर्डको औचित्यबारे केही प्रश्न उठ्ने ठाउँ अहिले देखिँदैन ।

पर्यटन प्रवर्द्धनका बारेमा अहोरात्र चिन्तन-मनन गर्ने निजी तथा सरकारी क्षेत्रका 'थिंक ट्यांक' हरू बस्ने ठाउँलाई साझा चौतारी नमानेर सोझै डस्टबिनको उपमा तेर्स्याउनेहरू पनि छन् । भन्नुको अर्थ पर्यटन बोर्डका क्रियाकलापहरूबाट असन्तोषका हाँगा पनि अंकुरित भएका छन् । तिनको पहिचान गरिनु र त्यस्ता असन्तोषका विषयहरूलाई आलोचनाको दायरामा अनिवार्य रुपले अघि सारिनुपर्छ । कार्य-कौशलता छ, बजेट छ, नीति-नियम छ, कार्यविधि छ, छैन भन्ने चाहना नै होला ! चाहना प्रबल नभएसम्म सुधारका सम्भावनामा धूलो जम्न थाल्छ र प्रक्रियागत त्रुटि बढ्दै जान्छन्, जसले गर्दा संस्थाको औचित्यमाथि पनि टीका-टिप्पणीहरूको भेल उर्लन सक्छ । हामीले समयमै चेताउनु जरुरी छ ।

अहिले देशमा पर्यटन संवर्द्धनका लागि प्रायःजसो प्रत्येक साता केही न केही नयाँ कामहरु भएका छन्, जस्तै– जेठको तेस्रो साता राजधानीमा 'नेपाल अन्तर्राष्ट्रिय पर्यटन मेला' को आयोजना, काठमाडौं-धादिङ जोड्ने सुरुङमार्गको ९९ प्रतिशत कार्य सम्पन्न भइसकेको, मुग्लिन-पोखरा सडकमार्गको पश्चिम खण्डमा कालोपत्रेको काम प्रारम्भ, नेपालमा बाह्रसिंगेको झुन्ड र मयूरको जीवन्त नृत्य हेर्न सकिने शुक्लाफाँटामा हात्ती सफारीको व्यवस्था, यात्रु स्वयंले ट्राफिक बत्ती बालेर सडक काट्न सक्ने व्यवस्था काठमाडौंमा सुरु भइसके पनि अब बुटवलमा समेत त्यो व्यवस्थाको सुरुवात, गत वर्ष काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब ४१ लाख पर्यटकको आवागमन आदि ।

तर, यस्ता सुखद समाचारबाहेक कतिपय दुःखद विषय पनि गत साता छलफलका विषय बने । बिदेसिएका नेपाली कामदारको गत ६ महिनामा अत्यधिक शव बाकसमा र काठमाडौंको ग्वार्को फ्लाई ओभरको काम दुई वर्षअघि नै सुरु गरिएको भए तापनि हालसम्म मात्र ३५ प्रतिशत काम सकिएको अवस्था, राष्ट्रिय झन्डा वाहकले वैदेशिक ऋण माग्नुपर्ने बाध्यता आदि । आहिले सरकारको नीतिगत र संरचनागत काम कहाँ बल्झिएको छ, बुझी नसक्नु छ । अनि भ्रष्टाचारको पराकाष्ठामा पुगेको हाम्रो शासन व्यवस्थाको स्थितिलाई 'ट्रान्सपरेन्सी नेपाल' ले हाम्रो दुर्बल न्याय प्रणाली न्यायप्रति सरकारको आँखा चिम्ल्याइ र दण्डहीनताको अभिवृद्धिप्रति संकेत गर्दै हामीलाई अझै पनि भ्रष्ट मुलुकका रूपमा रहेको देखाएको छ ।

अवैतानिक पर्यटनदूतको नियुक्तिमा राजनीतिक हस्तक्षेप नहुँदो हो त राज्यलाई फाइदा वा घाटा के हुन्थ्यो भन्ने स्पष्ट हुन नसकेको अवस्थामा नेपालको पर्यटनलाई सुदृढ पार्नका लागि मरीमेटी काम गर्नेहरुमा एउटा महत्वपूर्ण उत्साहचाहिँ अवश्य रहने नै थियो । यसरी बहकिएको अविरल प्रशासनिक यात्रामा मुलुकमा अकर्मण्यताको बादल मडारिने थिएन होला, सरकारी खेमाभित्र जिम्मेवारी वहन गरेकाहरुबीच । कहीं केही सुधारका काम देखिँदैनन् । अधिकांश नेताको सोचविचारमा देशको पर्यटन अनुपस्थित रहने थिएन । प्रकृतिले त मनग्गे दिएको छ नेपाललाई हिउँ, हिउँनदी र हिउँको झरनासमेत । बिहान-बेलुका काठमाडौं कठ्यांग्रिछ तर दिनभरि घामले न्यानो पनि छर्छ ।

विश्वका सबै खाले मौसमको अनुभव हाम्रै नेपालले दिन्छ । हिउँले गलेका गोडाहरुले पाखामा बसेर घमाइलो राप ताप्छन् । हाम्रा अग्रजहरूले 'प्रत्येक मौसमका लागि नेपाल' त्यसै भनेका होइनन् । सुनैसुनले निर्मित हाम्रा तराई-मधेस, पहाड र हिमालमा टेकेर माग्ने कचौरा थाप्दै अझ कति दिन हामी स्वाभिमानी नेपालीहरुको माथा निहुरिरहने हो । मेनुका, मनीषा र माला सिंहा, देवानन्द, अमिताभ बच्चन जत्तिको पनि सकारात्मकता र सृजनात्मकताको प्रभाव परेको खोइ हाम्रा अग्रासनीहरुमा ? नेपाली सिनेकर्मीहरुको पनि उनका योगदानको मान्यता खोइ ?

वर्षभरिमा विभिन्न अवसर पारी पर्यटन मेला, नेपाल नाइट, ट्रेड फेयर र अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरु भइरहने देशमा अहिले राजनीतिक दलहरुको अधिवेशन र विशेष कार्यक्रमहरुले हामीलाई, हाम्रा सम्पदालाई र राष्ट्रिय विचारधाराहरूलाई टुक्रैटुक्रा पारेर तिनैमाथि राजनीतिका कसिला पाइला बझार्दै हिँडिरहेको नेताहरूको मनमा जन-गुनासोको सुनुवाइ कहिले हुने हो ! सरकार आफ्नो अन्त्यहीन लोभको लक्ष्य पूरा गर्न तन्मय छ । भाषणका भेल उर्लिन्छन् । देशमा व्याप्त गरिबी, बेरोजगारी, उत्पादकत्वहीनता, भ्रष्टाचार र भ्रष्टाचारीको संरक्षणमा सारा संयन्त्र लागिपरेको आभाष हुन्छ । जनताप्रतिको जिम्मेवारी कसले लिएको छ ? बुझ्न सकिँदैन । सबैजसो झोलेहरु पद, पैसा र सत्ताका लागि हानाथापमा छन् । देशको आबरु, इज्जत, मान, प्रतिष्ठा र गौरवलाई विकसित मुलुकहरूले कसरी लिएका छन्, दुई वर्षभित्र हामी अबको अति कम विकसित अर्थात् विपन्नबाट विकसशील मुलुक हुँदै छौं, के आधारमा ?

हामीले मिलेनियम डिभलपमेन्टका लक्ष्य पूरा गरेकै हौं त ? जो लागिपरेका छन्, जस्तै सबैले बुझ्ने उदाहरणका लागि काठमाडौंलाई जो विश्वमै एउटा सर्वोत्कृष्ट सांस्कृतिक सहर बनाउने हुटहुटीमा छन् तिनलाई जनता हजार-हजार सलाम गर्छन् र तिनै प्रभृतिका युवा नेताहरूबाट मात्र नेपालको श्रीवृद्धि सम्भव छ भन्नु अत्युक्ति नहोला । हेक्का रहोस्, नेता मात्र बनेर देश बन्दैन, जनता बने भने देश बन्छ– सुन्दर शान्त, विशाल । *(स्रोतः कारोबारदैनिक)*

## मकवानपुर गोल्डकप

# उत्कृष्ट पुनरागमनसहित एनआरटी सेमीफाइनलमा



*म्यान अफ द म्याच एनआरटीका बिवेक मगरलाई ट्रफी र नगद हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा उत्कृष्ट पुनरागमन गर्दै न्युरोड टिम (एनआरटी) सेमीफाइनल प्रवेश गरेको छ। हेटौँडा-६ स्थित गौरिटार रंगशालामा भएको पहिलो क्वार्टरफाइनल खेलमा २-० ले पछि परेको स्थितिमा एनआरटीले चर्च ब्वाईज युनाइटेडलाई हराउँदै सेमीफाइनल प्रवेश गरेको हो ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो भने दोस्रो हाफमा २-२ गोल सम्भव भएको हो । चर्च व्वाइजको तर्फबाट खेलको दोस्रो ५४ औं मिनेटमा राजेश परियार र ७६ औं मिनेटमा मार्टिनले समान १-१ गोल गोल गर्दै टिमालाई स्पष्ट अग्रतामा दिलाएको थियो । यता एनआरटील उत्कृष्ट पुनरागमन गर्दै ९० औं मिनेटमा अशोक थापा र इन्जुरी समयमा विदेशी खेलाडी ग्लोरीले १-१ गोल गर्दै खेल बराबरीमा ल्याएका थिए ।

हारको नजिक पुगेर पनि खेलमा फर्किएको एनआरटीले टाईब्रेकरमा ४-३ गोलअन्तरले चर्च ब्वाइजलाई हराउँदै सेमीफाइनल प्रवेश गरेको हो । म्यान अफ द म्याच एनआरटीका बिवेक मगर घोषित भए । विवेकले नगद १० हजार रुपैयाँ पाए । आइतबार घरेलु टोली रिगल हेटौँडा रिसोर्ट एन्फा मकवानपुर र बागमती युथ क्लब सर्लाहीबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीका लागि हेटौँडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ । १२ वटा टिमहरुको सहभागिता रहेको प्रतियोगितामा ५ वटा टिम बाहिरिएको छ । प्रतियोगिताको फाइनल खेल यही माघ २७ गते हुनेछ ।

# भिरबाट लडेर ब्लोनको मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१, नकौलीमा भिरबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४० वर्षीय हिरालाल ब्लोन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

ब्लोन मंगलबार राती ११ छिमेकीको विवाहमा भोज खान गएको र घर फर्की नआएपछि आफन्तले खोज तलास गर्दै जाँदा शुक्रबार बिहान ११ बजेको समयमा सामुदायिक वनको भिरमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# तामाङ मृत फेला

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको बाह्रबिसे नगरपालिका-२, कर्थली सिताथान जरुङडाँडामा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ४६ वर्षीया सेतीमाया तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहिबार राती ११ बजेको समयमा छोराको घरबाट आफ्नै घर फर्केका तामाङ घर फर्की नआएपछि आफन्तले खोजतलास गर्दै जाँदा शुक्रबार साँझ ५ बजेर ४५ मिनेटको समयमा सडकबाट १५ फिट तल मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# भानु माविको व्यवस्थापन समिति अध्यक्षमा चौलागाई



समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्षमा खिलप्रसाद चौलागाई सर्वसम्मत चयन हुनुभएको छ । सर्वसम्मतका लागि शनिबार बसेको बैठकले अभिभावक चौलागाईलाई अध्यक्ष चयन गरेको विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले जानकारी दिनुभयो ।

बैठकमा मकवानपुरगढी गाउँपालिका स्रोत शिक्षक तथा गाउँपालिकाका विद्यालय निरीक्षक दाशरथी उपाध्याय भण्डारीले विद्यालय व्यवस्थापन समिति निर्वाचन उपसमितिको प्रतिनिधित्व गर्नुभएको थियो । विद्यालयका पूर्वशिक्षक एवम् विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष समेत रहनुभएका चौलागाईंको अध्यक्षतामा नयाँ विद्यालय व्यवस्थापन समिति चयन भएको हो । अभिभावकहरु सन्तु थिङ (पाखिन), हेमकुमारी सञ्जेल, लक्ष्मण भट्टराई, दीलिप लोप्चन र रुक्मणि ढुङ्गाना समितिको सदस्यमा चयन हुनुभएको प्रधानाध्यापक थापाले जानकारी दिनुभयो ।

९ सदस्यीय रहने समितिको सदस्यसचिवमा विद्यालयका प्रधानाध्यापक रहनेछन् भने शिक्षकहरुको तर्फबाट एकजना शिक्षक प्रतिनिधि विद्यालयका शिक्षक तथा कर्मचारीको निर्णयबाट चयन हुनेछन् । साथै, सम्बन्धित वडाका वडा अध्यक्ष वा प्रतिनिधि पनि समितिको सदस्य रहनेछन् । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा हाल ५ सय २५ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# आश्रमका बालबालिकालाई निःशुल्क कराँते प्रशिक्षण दिँदै थपलिया



समाज संवाददाता

हेटौँडाः हेटौँडा-१४, मयूरधापस्थित अनाथ अपाङ्ग पुनःस्थापनका केन्द्रका बालबालिकाहरु नियमित सितोरियो कराँते प्रशिक्षणमा सहभागी हुने गरेका छन् । आश्रममा आश्रित र बाहिरका बालबालिकासमेत दैनिक १६ जना प्रशिक्षणमा सहभागी हुने गरेका हुन् ।

कराँते प्रशिक्षणमा सहभागी हुने बालबालिकालाई कराँते प्रशिक्षक नारायण थपलियाले निःशुल्क प्रशिक्षण दिने गर्नुभएको छ। प्रशिक्षणमा सहभागी हुने बालबालिकामध्ये ११ जना आश्रमका र बाँकी ५ जना आश्रम आसपासका बालबालिका रहेका छन् । आश्रममा आश्रितमध्ये २ जना बालक अशक्त भएका कारण प्रशिक्षणमा सहभागी नभएको थपलियाले बताउनुभयो ।

प्रशिक्षक थपलियाले साताको ६ दिन युरिसिका, बेसिक, काता, रिल्याक्सलगायतका तालिम दिने गरेको बताउनुभयो। आश्रमका बालबालिकालाई स्वस्थ राख्न, मनोरञ्जन गराउन र खेलकुदको महत्व बुझाएर खेलप्रति रुचि जगाउन निःशुल्क प्रशिक्षण दिन सुरु गरेको उहाँले बताउनुभयो ।

विगत १० वषदेखि कराँते प्रशिक्षण दिँदै आउनुभएका थपलियाले मकवानपुर जिल्लाभित्र ४५, ४८ र ५० केजी तौल समूहमा स्वर्ण पदक विजेता खेलाडीहरुसमेत तयार गर्नुभएको छ । विभिन्न सामाजिक संस्था, मुठीदानबाट चलिरहेको संस्थाका असहाय बालबालिकाले पनि भविष्यमा खेलकुदमार्फत् केही गर्न सक्ने भएकाले २ महिनादेखि प्रशिक्षण दिइरहेको उहाँले बताउनुभयो ।

सानै उमेरदेखि कराँतेप्रति धेरै रुचि बढेकाले कराँते खेल्न सुरु गरेको उहाँले बताउनुभयो । घरको आर्थिक अवस्था कमजोर भएकाले कराँते सिक्ने अनुमति बाबुआमाले नदिएपछि दाजुको सहयोगबाट कराँते सिक्न सुरु गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- ‘सुरुवाती चरणमा घरबाट कराँते सिक्ने अनुमति नदिएकाले दाजुले ल्याइदिएको कराँतेको लुगालाई दौरा सुरुवाल भनेर झुक्याएको थिएँ ।’ आफ्नो बाल्यकालमा कराँते सिकाउन गुरुहरुको अभाव भए पनि अबको दिनमा कराँते खेलको विकास गर्नका लागि आफूले सक्ने कार्यक्रम गर्ने उहाँले बताउनुभयो ।

# आगलागीबाट ७ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिकामा आगलागी हुँदा ७ लाख बराबरको क्षति भएको छ। शुक्रबार राती ८ बजेको समयमा थाहा नगरपालिका-६, स्थित ओखरगाउँका ६४ वर्षीय केदार सिन्तानको कच्ची घरमा आगोलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आगलागीबाट सिन्तानको कच्ची घरमा पूर्णरुपमा जलेर नष्ट भएको थियो । आगलागीबाट घर भित्र रहेको अन्नपात, गरगहना र नगद ६० हजार रुपैयाँसहित सात लाख रुपैयाँ बराबरको धनमाल जली नष्ट भएको प्रहरीले जानकारी दिएको छ । आगलागीबाट माननीय र चौपाया क्षति नभएको र स्थानीयको सहयोगमा शुक्रबार राती ९ बजेर ५० मिनेटको समयमो आगो नियन्त्रणमा लिइएको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# बागमतीमा ल्होछार कप फुटबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौँडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ३ स्थित गढनमा ल्होछार कप फुटबल प्रतियोगिता सुरु भएको छ। प्रतियोगिता शनिबार बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले उद्घाटन गर्नुभयो ।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै सामाजिक विकासमन्त्री मोक्तानले ल्होछार कप तामाङ समुदायको लागि गर्वको कार्य भएको बताउनुभयो । सबै एक हुनुको विकल्प नरहेको बताउनुहुँदै उहाँले आफ्नो समुदायको हकहितको लागि एक भएर आवाज बुलन्द गर्नुपर्ने बताउनुभयो । विगतको शासकले तामाङ समुदायलाई पछाडि पारिएको बताउनुहुँदै उहाँले गणतन्त्रपश्चात् हकहितको सुनिश्चित भएको उहाँले बताउनुभयो ।

बागमती-३ का वडाध्यक्ष कमानसिंह पाख्रिनले ल्होछार कप गराउन विगत वर्षदेखि नै बजेट विनियोजित गरेको तर खेलमैदान अभावका कारण खेल्न नसकेको बताउनुभयो । यो वर्ष आफ्नो पहल र स्थानीय सरकारको विशेष चासोमा खेलमैदान तयार पारी प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो

बागमती-३ को मुख्य प्रायोजन तथा नाङ्साल युवा क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताअन्तर्गत् शनिबार एक खेल सम्पन्न भएको छ। उद्घाटन खेलमा आयोजक टिम ‘ए’लाई हराउँदै बकैया गाउँपालिकाको शिक्षक टिमले विजयी



सुरुवात गरेको छ। आयोजकलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै बकैया शिक्षकले विजयी सुरुवात गरेको हो । निर्धारित खेल समय २-२ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

प्रतियोगिताअन्तर्गत् आइतबारको खेलमा फापरबारी एफसी र राईगाउँ युवा क्लब, त्रिवेणी एफसी र नवज्योति युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । १८ टिम सहभागी प्रतियोगिताको फाइनल खेल माघ २७ हुनेछ। प्रतियोगिताको विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

क्लबका अध्यक्ष देव लामाको सभाध्यक्षतामा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा माओवादी केन्द्रको बागमती प्रदेश कमिटी सदस्य सुनिता खड्का गोले, ज्ञानसागर भोलोन, नेकपा एमालेको प्रदेश कमिटी सदस्य छिरिङ पाख्रिन र बागमती खेलकुद विकास समितिका अध्यक्ष टीकालाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।




## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौँ/नगराऔँ । मञ्जुरी बिना भएको विवाह, हाडनाताामा भएको बिवाह, बहूविवाह, गर्नु गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔँ/नगरौँ । भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौँ ।

प्रदेश सरकार
बागमती प्रदेश
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
हेटौँडा, मकवानपुर

“स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद”

छैठौं स्थानीय तह सहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल-२०८०



आजको खेल
रिगल हेटौँडा रिसोर्ट एन्फा मकवानपुर VS राइट लाईन बागमती युथ क्लब सर्लाही
समयः दिनको ठिक २ः०० बजे
स्थानः गौरिटार रंगशाला
हेटौँडा-६, मकवानपुर
आयोजक
मकवानपुर जिल्ला फुटबल संघ

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ